ाविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
नारायणी बहुप्राविधिक शिक्षालय
भरतपुर १०, चितवन ।

# छात्रावास आवश्यकता सम्बन्धी शिलबन्दी कोटेशन आह्वान सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८०।०१।३०
दोश्रो पटक प्रकाशन मिति : २०८०।०२।२५

नेपाल सरकारको विशेष छात्रवृत्ति कार्यक्रममा नि :शुल्क प्राविधिक शिक्षा अध्ययन कार्यक्रम अन्तरगत डिप्लोमा तहमा डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्ग अध्ययनका लागि भर्ना हुने ४० जना छात्र/छात्राहरुको आवास प्रयोजनका लागि २ वटा छात्रवास भवन ३६ महिनाका लागि यस शिक्षालयलाई आवश्यक परी बिज्ञापन गरेकोमा शिक्षालयले माग गरेको मापदण्ड अनुसार प्राप्त नभएकाले उक्त शिलबन्दी कोटेशन रद्द गरी पूनः सुचना प्रकाशन भएका मितिले १५ दिन भित्र छात्रवास सञ्चालन गरिरहनु भएका इजाजत प्राप्त इच्छुक छात्रवास सञ्चालकहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वक पून:बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरु :**

१) छात्रवासको लागी प्रयोग हुने भवन भुकम्प प्रतिरोधात्मक, आफ्नो स्वामित्वको वा भाडामा संचालन गरिएको भए वार्षिक नवीकरण हुने गरी कम्तीमा ५ वर्षका लागि घर धनी संग सम्झौता भएको हुनुपर्ने छ र छात्र/छात्रा राख्ने दुवैघरको अनिवार्य सम्झौता साथै स्वामित्वमा भएको वा भाडामा भएको घरको नक्सा पास र लालपुर्जाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

२) छात्रवास भवन ४० जना प्रशिक्षार्थी राख्ने क्षमता भएको बत्ती, (बत्तीको ब्याकअप), पानी (स्वच्छ पिउने पानी), सुत्नको लागी खाट, खाना पकाउने तथा खाना खाने स्थानको व्यवस्था, सुरक्षा लगायत अन्य आवश्यक व्यवस्था भएको हुनुपर्नेछ ।

३) छात्रावास भवन नारायणी बहुप्राबिधिक शिक्षालयको मूल गेटबाट पूर्व/ पश्चिम /उत्तर/ दक्षिण दिशाको १.५ किलोमिटरको दुरी भित्र हुनुपर्नेछ ।

४) छात्रावास भवनमा कम्तीमा २ देखी ३ वटा ट्वाइलेट बाथरुम, लत्ताकपडा राख्ने दराज र पढ्नका लागि उपयुक्त व्यवस्था भएको कम्पाउण्डवाल सहितको सुविधा सम्पन्न पक्की भवन हुनुपर्नेछ ।

५) रकम भुक्तानी मासिक रुपमा प्रतिव्यक्ती लागतका आधारमा नियमानुसार करकट्टी गरी भुक्तानी दिइनेछ

६) प्रतिव्यक्ति मासिक अधिकतम रु ३५००। (अक्षरुपी तीन अजार पांच सय मात्र) खाना बापतको रकम विधार्थीहरु आफैले खाना खाए बापत मात्र भुक्तानी गर्नेछन् । खानाको गुणस्तर शिक्षालयमा पूर्वगठित चमेनागृह व्यवस्थापन उप समितिले निर्धारण गरेअनुसार हुनेछ ।

७) शिलबन्दी कोटेशन खरिदको लागि रु १००० ( एक हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयमा बुझाई चालु आ.व. को नवीकरण सहितको इजाजतपत्र, आयकर तथा मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखी निवेदन दिएमा सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०।०३।०७ गते भित्र कार्यालय समयमा यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

८) शिलबन्दी कोटेशनका साथ ठेक्काको विवरणमा तोकिएको वमोजिमको धरौटीवापतको रकम रा.व.वैङ्क भरतपुरमा यस शिक्षालयको नाममा रहेको खाता हिसाव नं. १३१०१००००८३३३००१ म नगद जम्मा

गरेको बैंक भौचरको सक्कल प्रति वा कोटेशन खोलेको मितिबाट गणना हुने गरी यस शिक्षालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (Bid Bond) कम्तीमा ९० -नब्बे) दिनको मान्य अवधि रहेको पेस गर्नुपर्ने छ ।

९)खरिद गरिएको कोटेशन, लाहाछापको शिलबन्दी गरिएको खामको बाहिरी भागमा कामको विवरण ठेक्का प्याकेज नं. फर्मको नाम र ठेगाना स्पष्ट खुलाई कार्यालयलाई सम्बोधन गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ वजेसम्म यस कार्यालयमा शिलबन्दी कोटेशन दर्ता भईसक्नु पर्नेछ । यसरी पर्न आएका कोटेशनहरु १६ औं दिनको २ बजे यस कार्यालयका प्रतिनिधी र कोटेशनवला वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिने छ । कोटेशनवाला उपस्थित नभएमा पनि कोटेशन खोल्न बाधा पर्नेछैन ।

१०)म्याद नाघी आएको रीत नपुगेको वा शर्त राखी दर्ता भएको कोटेशन उपर कुनै कारबाही हुनेछैन । कबोल रकम स्पष्ट अंक र अक्षरमा उल्लेख गरी प्रत्येक पानामा दस्तखत गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा बोलपत्रदाताको सहीछाप हुनुपर्ने छ । कार्यालयले उपलब्ध गराएको कोटेशनमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्ने छ । साथै सूचनाको शर्त विपरीत भएको शिलबन्दी कोटेशन उपर कुनै कार्यबाही हुनेछैन ।

११)एक फर्म वा संस्थाको नाममा खरिद गरिएको शिलबन्दी कोटेशन अर्को फर्म वा संस्थाको नाममा दर्ता गर्न पाइने छैन ।

१२)कोटेशन फारममा मुल्य अभिवृद्धि कर बाहेकको दररेट पेस गर्नुपर्नेछ ।

१३)कोटेशन बिक्री गर्न, दर्ता गर्न तथा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यस्तो बिदा समाप्त भई कार्यालय खोल्ने दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

१४)कारण जनाई वा नजनाई शिलवन्दी कोटेशनहरु स्वीकृत गर्ने, आंशिक गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१५)शिलबन्दी कोटेशन र ठेक्कासम्बन्धी सम्पुर्ण व्यस्था सार्वजनिक खरिद ऐन (२०६३) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) बमोजिम हुनेछ । साथै अन्य कुरा प्रचलित कानुनअनुसार हुनेछ । सूचनामा उल्लेख नभएको अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र फोन नं ०५६-४९३३६२ मा सम्पर्क गर्न सकिनेछ ।

१६)यस सूचनामा कुनै कुरा संशोधन भएमा यसै कार्यालयको सूचना पाटीमा टाँस गरिने छ र सो यसै सूचनाको अंङ्ग मानिने छ ।

| सिं नं. | विवरण | ठेक्का नं | प्रति व्यक्ति प्रति महिना लागत रकम -आवासको मात्र मु.अ. करसहित | धरौटी -जमानत रकम रु.) |
|---|---|---|---|---|
| १. | छात्रवास | ०१।०७९।०८० | २०००। | ७२,०००(३६ महिनाको लागि) |

नि. शिक्षालय प्रमुख